# रोजगार तथा इन्टर्नसीप मेला




**पोखरा, ९ असार (आदर्श समाज)-** पोखरा कलेज अफ म्यानेजमेन्ट (पीसीएम) द्वारा ‘पीसीएममा रोजगार तथा इर्न्टनसीप मेला’ सम्पन्न भएको छ ।

मेलामा बैंक, उत्पादन, सूचना तथा प्रविधि, व्यापारजस्ता विभिन्न क्षेत्रका २० प्रतिष्ठित संस्थाहरूको सहभागिता थियो ।

बिबिए र बीसीएसआइटी अध्ययनरत् करिब २ सयजना विद्यार्थीहरूले मेलाबाट प्रत्यक्ष लाभ उठाएका छन् ।

मेलाको प्रमुख आकर्षणमा सीभी प्रस्तुति, अन्तर्वार्ता, करियर परामर्श लगायत रहेका थिए । कलेज प्रमुख लीना नेगी श्रेष्ठले यसप्रकारका मेलाले कलेज, विद्यार्थी र सम्बन्धित संस्थाबीचको सम्बन्ध मजबुत बनाई विद्यार्थीले प्राप्त गरेको ज्ञानलाई व्यवहारमा उतार्न र करियर निर्माणमा सहयोग पुऱ्याउने बताइन् ।

कलेजको सप्ताहव्यापी कार्यक्रमअन्तर्गत ‘डेमो प्रेस मिट’ समेत गरेको थियो ।

११ असारमा कलेजमा ‘पीसीएम फेस्ट-२०२५’ हुँदैछ । फेष्टमा विद्यार्थीले विभिन्न प्रतिभा प्रदर्शन गर्नेछन् भने राष्ट्रिय चर्चित रकहेड्स ब्याण्डको प्रस्तुति पनि रहनेछ । साथै, सप्ताहन्तमा ‘आइडिया पिच प्रतियोगिता’ पनि हुनेछ ।

पोखराको नदीपुरस्थित पोखरा कलेज अफ म्यानेजमेन्टमा बिबिए, बिबिए फाइनान्स तथा बीसीएसआइटी कार्यक्रम सञ्चालित छन् ।

# एसओएस दिवसमा सम्मान




**आदर्श समाज**
पोखरा, ९ असार

३९ औं अन्तर्राष्ट्रिय एसओएस दिवस अवसरमा एसओएस बालग्राम गण्डकीले सोमबार पुरस्कार वितरण तथा सम्मान कार्यक्रम गऱ्यो । कार्यक्रममा विभिन्न प्रतियोगिताका विजयी बालबालिकाहरुलाई पुरस्कार वितरण गरिएको थियो ।

यसैगरी, बालग्रामको आमा समूह र २५ वर्षभन्दा बढी अनवरत् सेवा पुऱ्याउने एसओएस हरमन माइनर विद्यालय गण्डकीका कार्यालय सहयोगी गोपालप्रसाद भट्टराईलाई सम्मान गरियो । त्यस अवसरमा बालग्रामका बालबालिकाहरुले सांस्कृतिक नृत्य प्रस्तुत गरेका थिए ।

प्रमुख अतिथि पोखरा-१५ का वडाध्यक्ष तोरणबहादुर बानियाँले एसओएस बालग्रामले धेरै अनाथ बालबालिकाको अभिभावकत्व ग्रहण गरेर उनीहरुको भविष्य उज्ज्वल बनाएको बताए । समाजसेवी लेखबहादुर थापाले पुरस्कारबाट बालबालिकालाई प्रेरणा मिल्ने बताए ।

स्वतन्त्र पत्रकार संघ नेपालका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद बास्तोलाले एसओएस मानवीय सेवा पुऱ्याउने संस्थाको रुपमा संसारमा प्रसिद्ध रहेको उल्लेख गरे ।

कार्यक्रममा समाजसेवी लक्की कार्की, साहित्यकार भानु क्षितिज, एसओएस गण्डकीका प्रिन्सिपल चूडामणि सुवेदीलगायतले पुरस्कार वितरण गरेका थिए ।

कार्यक्रमका अध्यक्ष तथा एसओएस बालग्राम गण्डकीका योजना निर्देशक प्रदीपभक्त आचार्यले एसओएस दिवस सबैको प्रिय दिन भएको बताए । उपनिर्देशक भवानी बस्नेतको स्वागत मन्तव्य रहेको उक्त कार्यक्रमको सञ्चालन विद्या पराजुलीले गरेकी थिइन् ।

दिवस अवसरमा स्कुलले २ दिनसम्म अन्तरमाविस्तरीय वक्तृत्वकला प्रतियोगिता र निर्जिव वस्तु चित्रकला प्रतियोगिता गरेको थियो । पोखराका १२ विद्यालयले भाग लिएको ‘सामाजिक सञ्जाल: अभिषाप कि वरदान’ विषयक अंग्रेजी वक्तृत्वकला प्रतियोगितामा शिव त्रिपाठी, नारायणप्रसाद सापकोटा र कृष्ण सुनार निर्णायक थिए । प्रतियोगितामा गण्डकी बोर्डिङकी एञ्जेलिना केसी प्रथम, शिशु निकेतनकी अक्रिषा पोखरेल द्वितीय, एसओएसकी स्मारिका न्यौपाने तृतीय र मदरल्याण्डका विशेष बरालले सान्त्वना स्थान हासिल गरे ।

पृथ्वीनारायण क्याम्पसका अंग्रेजी शिक्षा विभागका विभागीय प्रमुख डा. नवराज न्यौपाने, प्रमुख निर्णायक शिव त्रिपाठी तथा विद्यालय प्रअ सुवेदीले नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरे ।

‘निर्जीव वस्तु चित्रकला’ मा पोखराका २० विद्यालयले भाग लिएका थिए । जसमा करूणानिधि एजुकेसन फाउण्डेसनका प्रिन्स थापा प्रथम, सगरमाथा निकेतनका विश्वास सुवेदी द्वितीय, रेन्वो एकेडेमी होम्स्का आदर्श रोका तृतीय र एसओएसका तेन्जिङ लेच्सोले चौंथो स्थान हासिल गरेका थिए ।

प्रमुख अतिथि गोपाल श्रेष्ठ, विशेष अतिथि एसओएस बालग्राम गण्डकीका योजना निर्देशक, प्रमुख निर्णायक बुद्धि गुरूङ र प्रअ सुवेदीले नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरे ।

एसओएस बालग्रामले सन् १९८७ देखि संस्थालाई हरमन माइनरको जन्मदिन अर्थात् प्रत्येक वर्ष जुन २३ तारिखलाई एसओएस दिवसका रूपमा मनाउँदै आइरहेको छ ।

# गैंडाकोट नगरस्तरीय वक्तृत्वकला

**आदर्श समाज**
गैंडाकोट, ९ असार




प्राज्ञिक विद्यार्थी परिषद् नेपाल, गैंडाकोट नगर एकाइ समितिद्वारा आयोजित नगरस्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ ।

प्रमुख अतिथि शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख दीपेन्द्रराज श्रेष्ठले विद्यार्थीको चौतर्फी विकासका लागि यस्ता किसिमका रचनात्मक गतिविधि आवश्यक रहेकोमा त्यसको आवश्यकता प्राज्ञिक विद्यार्थीले पूरा गर्दै आएको बताए । यस्ता रचनात्मक गतिविधि स्थानीय तहबाटै संचालन हुनुपर्ने उनको भनाइ थियो । यस्ता रचनात्मक गतिविधिमा विद्यालय र शिक्षक दुबै भएर विद्यार्थीलाई प्रतिभावान् बनाउन यस्ता गतिविधिले महत्वपूर्ण भूमिका खेल्ने बताए ।

प्रतियोगितामा लक्ष्मी माविकी छात्रा तपस्या कँडेल प्रथम भएकी छिन् । गैंडाकोट इङलिस बोर्डिङकी छात्रा स्नेहा तिवारी द्वितीय र रत्नराज्य लक्ष्मी माविकी छात्रा प्रशंसा पौडेल तृतीय भएकी छिन् ।

बालसंस्कार कार्यक्रमका राष्ट्रिय अभियन्ता हिरालाल कँडेल, यज्ञविलास पौडेल, गैंडाकोट इङ्लिस बोर्डिङका प्राचार्य हिरालाल अर्याल, गैंडाकोट नगरभित्रका विद्यालयमा अध्ययन गर्ने विद्यार्थी र अध्यापन गराउने शिक्षक र गैंडाकोट नगर इकाइ समितिका पदाधिकारीलगायत उपस्थित थिए ।

आयुश पौडेलको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण दिवाकर अधिकारीले गरेको गैंडाकोट नगरपालिका समितिका संगठन सचिव महेन्द्र ढुंगानाले जानकारी दिए ।

# दोर्दीको बजेट सबैभन्दा बढी




**आदर्श समाज**
लमजुङ, ९ असार

दोर्दी गाउँपालिकाले जिल्लाका अन्य सबै पालिकालाई उछिन्दै आगामी आवका लागि सबैभन्दा बढी बजेट ल्याएको छ । आव २०८२/८३ का लागि दोर्दीले ५७ करोड ६० लाख रुपैयाँ बराबरको बजेट ल्याएको हो ।

गाउँपालिका अध्यक्ष युवराज अधिकारीले नीति तथा कार्यक्रम प्रस्तुतपछि पेस बजेटमा सशर्त अनुदान चालुतर्फ २५ करोड ८५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । गाउँ सभाको १७ औं अधिवेशनमा उपाध्यक्ष बिच्छबहादुर घलेले बजेटसहितको कार्यक्रम निर्णयार्थ पेस गरेका थिए । बजेटका विषयमा बृहत छलफल पछि गाँउ सभाले सर्वसम्मत् बजेट पास गरेको हो ।

अध्यक्ष अधिकारीले गाउँसभामा आवश्यकता र प्राथमिकताको आधारमा भेदभाव र पक्षपातरहित रूपमा उक्त पालिकाको लागि नीति बजेट र कार्यक्रम ल्याइएको बताए ।

कुल आयतर्फ ५७ करोड ६० लाख १६ हजारमध्ये संघीय सरकारबाट गाउँपालिकाको वित्तीय समानीकरण अनुदानतर्फ ९ करोड ५९ लाख, सशर्त अनुदानमा चालुतर्फ २५ करोड ८५ लाख संघीय समपूरकतर्फ ७६ लाख विषेश अनुदानतर्फ ५४ लाख समपूरक अनुदानतर्फ १ करोड पाँच लाख बजेट स्वीकृत भएको प्रमुख प्रशासकीय अधिकृत हेमराज काफ्लेले बताए । उनका अनुसार राजस्व बाँडफाँडतर्फ १० करोड ४१ लाख १० हजारको बजेट स्वीकृत भएको छ ।

उनले भने, ‘प्रदेश सरकारबाट गाउँपालिका वित्तीय समानीकरण अनुदानतर्फ एक करोड ७ लाख, प्रदेश राजस्व बाँडफाँडतर्फ १ करोड बजेट स्वीकृत भएको छ ।’

प्रदेशको समपूरक अनुदानतर्फ ६० लाख, विशेष अनुदानतर्फ ४० लाख वन, पर्यटन र रोयल्टीतर्फ २ करोड ८० लाख, आन्तरिक आयतर्फ राजस्व अनुमान ८० लाख, मालपोत रजिष्ट्रेसनतर्फ आठ लाख र अन्यबाट दुई करोड ६५ लाख बजेट स्वीकृत भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत काफ्लेको भनाइ छ ।

कार्यालयले सञ्चालन तथा प्रशासनिक खर्चतर्फ सात करोड दुई लाख, कृषि तथा पशुपंछी शाखाका लागि ५१ लाख, वन वतावरण तथा विविध विपद् व्यवस्थापनका लागि ३५ लाख स्वास्थ्य शाखा तथा आयुर्वेद शाखातर्फ ५८ लाख शिक्षा युवा तथा खेलकुदको लागि ४९ लाख रोजगार कार्यक्रमका लागि ५४ लाख ७२ हजार महिला बालबालिका अपाङ्ग तथा ज्येष्ठ नागरिकका लागि १३ लाख ७० हजार रूपैयाँ विनियोजन भएको छ ।

सुबर्ण अवसर सुबर्ण अवसर सुबर्ण अवसर

## गण्डकी प्रदेश टेनिस संघ

आगामी मिती २०८२ आषाढ २२ गते देखि गण्डकी प्रदेश टेनिस संघले निशुल्क रुपमा संचालन गर्न गइ रहेको ग्रो टेनिस (ट्यालेन्ट हन्ट) कार्यक्रम अन्तर्गत छनौट चरणको प्रशिक्षणमा सहभागी हुनका लागि आबेदन फारम खुलेको हुदा इच्छुक निम्न आयश्रोत तथा आर्थिक अबस्था कमजोर भएका ८ देखि १२ बर्ष सम्मका सामुदायिक , आधारभुत तथा सरकारी बिद्यालयमा अध्यनरत बाबु नानी तथा उहाँहरु का अभिभावकहरु ले निम्न बमोजिमका कार्यालय तथा ब्यक्तिहरु लाई सम्पर्क गरि आफ्नो आबेदन फारम वा नाम दर्ता गराउन हार्दिक अनुरोध गरिन्छ ।

नाम दर्ता तथा आबेदन दिने अन्तिम मिती: २०८२ आषाढ १७ गते सम्म
सम्पर्क स्थान:
गण्डकी प्रदेश टेनिस संघको सचिबालय, पोखरा रंगशाला
सम्पर्क ब्यक्ति:
कुमार अधिकारी फोन:९८४१३००६२३
पुस्पा गौडेल फोन ९७६५६५९५४६



## ऋण भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

श्री ऋणी सदस्य महानुभावहरु,

यस सेतीमदी बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-२, मिरुवाबाट विभिन्न शीर्षकमा ऋण लिई उपभोग गर्दै आउनु भएका शेयर सदस्यहरुको ऋणको साँवा र ब्याज (किस्ता) रोकिएका तथा समय अवधि समाप्त भइसकेका (भाखा नाघेका) ऋणी सदस्यहरु तथा धनजमानीहरुलाई यसअघि पटकपटक लिखित तथा मौखिक एवम् फोनमार्फत जानकारी गराउँदासमेत संस्थामा बुझाउनु पर्ने किस्ता रकम नबुझाएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त सूचना अनुसार यही मिति २०८२ असार २५ गतेभित्र संस्थामा आई रोकिएको साँवा, व्याज र हर्जना व्याज रकम बुझाई संस्थालाई सहयोग गरी आफ्नो प्रतिष्ठा इज्जत जोगाउनु हुन अनुरोध गरिन्छ । अन्यथा आलटाल गरी तिर्न वा नबुझाएमा ऋणीको र धनजमानी बसी दिनेको फोटोसहित तीनपुस्ते नाम राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरी सहकारी ऐन २०७४, नियमावली २०७५ को कानुनअनुसार असुली गराइने र कालोसूचीमा समेत समावेश गराइने जानकारी साथ अनुरोध छ ।

**सेतीमदी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
Setimadi Saving & Credit Co-operative Society Limited
पोखरा महानगरपालिका - २, मिरुवा, कास्की (फोन नं. ०६१-४१२५४०, ५९०५४०)

# फोटो प्रदर्शनी हुने

**पोखरा, ९ असार (आदर्श समाज)-** नेपाल फोटो पत्रकार संघ (एनपीजेए), कास्कीले १३ असारमा ‘तस्बिरमा पोखरा-९’ फोटो प्रदर्शनी गर्ने भएको छ । पोखरा ९ वडा कार्यालयको सहयोगमा महेन्द्रपुलस्थित झण्डा पार्क नजिकै फल्चामा फोटो प्रदर्शनी गरिने भएको हो ।

जसमा पोखरा वडासहित पोखराको ऐतिहासिक, पर्यटकीय र समसामयिक विषय झल्कने फोटो प्रदर्शनी गरिने संस्थाका अध्यक्ष अध्यक्ष राम गुरुङले बताए । फोटो माध्यमबाट पोखराको पर्यटन प्रवर्द्धनसँगै पोखराको ऐतिहासिक विषयबारे जानकारी दिनु मुख्य उद्देश्य रहेको उनले सुनाए । यसबाट पोखरामा रहेका फोटो पत्रकारको सीप र कला प्रदर्शनमा पनि यो कार्यक्रमले सघाउने उनको विश्वास छ । वडाध्यक्ष दीपेन्द्र मर्सानीले पोखरा ‘पर्यटकीय राजधानी’ घोषणा भइसकेको र हाल पोखरा भ्रमण वर्ष-२०२५ मनाइरहँदा फोटो प्रदर्शनीले महत्वपूर्ण भूमिका खेल्ने बताए ।

## धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना १० गते मंगलबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**१. शाखा कार्यालय : चापाकोट शाखा** — **कर्जा शिर्षक : व्यक्तिगत आबधिक कर्जा**

**ऋणीको विवरण**

भुवानी शंकर आचार्यको नाति नेत्र नारायण आचार्यको छोरा स्याङ्गजा जिल्ला चापाकोट न.पा. वडा नं. ७ हाल, वडा नं. ९ बस्ने **आनन्द राज आचार्य** (ना.प्र.नं. :२५६८५ जारी मिति र जिल्ला : २०५२/०३/२८, स्याङ्गजा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) कृष्ण प्रसाद उपाध्यायको छोरी नेत्र नारायण आचार्यको बुहारी आनन्द राज आचार्यको पत्नी स्याङ्गजा जिल्ला चापाकोट वडा नं. ६ हाल, चापाकोट न.पा. वडा नं. ९ बस्ने **मिना आचार्य** (ना.प्र.नं. :४२३०२०/४०१ जारी मिति र जिल्ला : २०६३/११/२६, स्याङ्गजा)

२) भुवानी शंकर आचार्यको नाति नेत्र नारायण आचार्यको छोरा स्याङ्गजा जिल्ला चापाकोट न.पा. वडा नं. ९ बस्ने **कमल राज आचार्य** (ना.प्र.नं. : १४१ जारी मिति र जिल्ला : २०४६/०१/१४, स्याङ्गजा)

३) देउ नारायण आचार्यको नाति भुवानी शंकर आचार्यको छोरा स्याङ्गजा जिल्ला चापाकोट वडा नं. ६ हाल, चापाकोट न.पा. वडा नं. ९ बस्ने **नेत्र नारायण आचार्य** (ना.प्र.नं. : १२० जारी मिति र जिल्ला : २०४४/११/२१, स्याङ्गजा)

४) भुवानी शंकर आचार्यको बुहारी नेत्र नारायण आचार्यको पत्नी स्याङ्गजा जिल्ला चापाकोट वडा नं. ६ हाल, चापाकोट न.पा. वडा नं. ९ बस्ने **श्रीमती थानेश्वरी आचार्य** (ना.प्र.नं. : १४० जारी मिति र जिल्ला : २०४६/०१/१४, स्याङ्गजा)

५) भुवानी शंकर आचार्यको नाति धातानन्द आचार्यको छोरा स्याङ्गजा जिल्ला चापाकोट वडा नं. ६ हाल, चापाकोट न.पा. वडा नं. ९ बस्ने **डिल्लीराज आचार्य** ( ना.प्र.नं. : २७२७५ जारी मिति र जिल्ला : २०५२/०५/२०, स्याङ्गजा)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८२/०१/२६ को हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| थानेश्वरी आचार्य | स्याङ्गजा जिल्ला चापाकोट वडा नं. ३ | ३ | १६२९ | ०-१३-०-१ |

**२. शाखा कार्यालय : रामपुर पाल्पा शाखा** — **क) कर्जा शिर्षक : व्यक्तिगत आबधिक कर्जा**

**ऋणीको विवरण**

भुवानी शंकर आचार्यको नाति नेत्र नारायण आचार्यको छोरा स्याङ्गजा जिल्ला चापाकोट न.पा. वडा नं. ७ हाल, वडा नं. ९ बस्ने **आनन्द राज आचार्य** (ना.प्र.नं. :२५६८५ जारी मिति र जिल्ला : २०५२/०३/२८, स्याङ्गजा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) कृष्ण प्रसाद उपाध्यायको छोरी नेत्र नारायण आचार्यको बुहारी आनन्द राज आचार्यको पत्नी स्याङ्गजा जिल्ला चापाकोट वडा नं. ६ हाल, चापाकोट न.पा. वडा नं. ९ बस्ने **मिना आचार्य** (ना.प्र.नं. :४२३०२०/४०१ जारी मिति र जिल्ला : २०६३/११/२६, स्याङ्गजा)

२) लेख प्रसाद पंगेनीको नाति अर्जुन प्रसाद पंगेनीको छोरा स्याङ्गजा जिल्ला चापाकोट न.पा. वडा नं. ९ बस्ने **अविनाश पंगेनी** (ना.प्र.नं. : ४२२०२०/४८ जारी मिति र जिल्ला : २०६७/०२/२३, स्याङ्गजा)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८२/०१/२६ को हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| आनन्द राज आचार्य | स्याङ्गजा जिल्ला चापाकोट वडा नं. ३ | ३ | १९८९ | ०-९-२-२ |
| | | | १९९५ | ३-५-३-२ |

**३) शाखा कार्यालय : रामपुर पाल्पा शाखा** — **कर्जा शिर्षक : व्यक्तिगत आबधिक कर्जा**

**ऋणीको विवरण**

कृष्ण प्रसाद उपाध्यायको छोरी नेत्र नारायण आचार्यको बुहारी आनन्द राज आचार्यको पत्नी स्याङ्गजा जिल्ला चापाकोट वडा नं. ६ हाल, चापाकोट न.पा. वडा नं. ९ बस्ने **मिना आचार्य** (ना.प्र.नं. :४२३०२०/४०१ जारी मिति र जिल्ला : २०६३/११/२६, स्याङ्गजा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) भुवानी शंकर आचार्यको नाति नेत्र नारायण आचार्यको छोरा स्याङ्गजा जिल्ला चापाकोट न.पा. वडा नं. ७ हाल, वडा नं. ९ बस्ने **आनन्द राज आचार्य** (ना.प्र.नं. :२५६८५ जारी मिति र जिल्ला : २०५२/०३/२८, स्याङ्गजा)

२) भुवानी शंकर आचार्यको बुहारी नेत्र नारायण आचार्यको पत्नी स्याङ्गजा जिल्ला चापाकोट वडा नं. ६ हाल, चापाकोट न.पा. वडा नं. ९ बस्ने **श्रीमती थानेश्वरी आचार्य** (ना.प्र.नं. : १४० जारी मिति र जिल्ला : २०४६/०१/१४, स्याङ्गजा)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८२/०१/२६ को हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| थानेश्वरी आचार्य | स्याङ्गजा जिल्ला चापाकोट वडा नं. ३ | ३ | १६३५ | ०-१२-२-२ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०३/३० गते सोमबार भित्र यस बैंकको शाखा कार्यालय चापाकोट आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/३१ गते मंगलबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय चापाकोटमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

**प्रकाशक :** आदर्श समाज बहुमुखी प्रकाशन (प्रा.) लि., नयाँसडक, पोखरा, फोन: ०६१-५८१२००, ५७१४८४ । E-mail: adrsamaj@gmail.com, www.eAdarsha.com, **प्रबन्ध निर्देशक:** अमृत बास्तोला, **प्रधान सम्पादक:** कृष्णप्रसाद बास्तोला